मध्यपश्चिमाञ्चल विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

पत्र संख्या :-
चलानी नम्बर :-

मिति : २०७८-०२-३१

**परीक्षा आवेदन फारम अनलाइन भर्ने सूचना**
(मिति २०७८/०२/३१)

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, परीक्षा व्यवस्थापन कार्यालयद्धारा निम्नानुसार संकाय अन्तर्गत स्नातक/स्नातकोत्तर तहका तपसिलका सेमेस्टरको लागि लिइने सत्रान्त परीक्षाको परीक्षा फारम खुलाइएको छ। सम्बन्धित विद्यार्थीहरुले आफू अध्ययन गरेको क्याम्पसमा आफ्नो परीक्षा फारम अनलाइन भरी बुझाउनका लागि यो सूचना प्रकाशित गरिएको छ। अनलाइन परीक्षा फारम www.muexam.edu.np को Online Exam form बाट भर्न सकिनेछ।

| संकाय | तह | विशिष्टिकरण | सेमेस्टर |
|---|---|---|---|
| विज्ञान तथा प्रविधि संकाय | स्नातकोत्तर | M.Sc. (Physics) | दोस्रो |
| इन्जिनियरिङ्ग | स्नातकोत्तर | M.Sc. Construction management, M.Sc. Structural Engineering | चौथो |
| | स्नातक | B.E (Civil, Hydro, Computer) | दोस्रो, चौथो र छैठौं |

**पुनश्चः**

१) सत्रान्त परीक्षामा उक्त सेमेस्टरको नियमित एवम् आंशिक तर्फका परीक्षार्थीहरुले परीक्षा फारम भर्न सक्नेछन्।
२) परीक्षा फारम मिति २०७८ जेष्ठ ३१ गते देखि २०७८ असार १४ गते सम्म नियमित शुल्क र २०७८ असार १६ गते देखि असार १८ गते सम्म अतिरिक्त शुल्क तिरी भर्नु पर्ने छ।
३) सम्बन्धित क्याम्पसले मिति २०७८ असार २३ गते साँझ ५:०० बजे सम्म परीक्षा फारम परीक्षा व्यवस्थापन कार्यालयमा बुझाइसक्नु पर्ने छ।
४) म्याद नाघि आएका र रीत पूर्वक नभएका फारमहरु स्वीकृत गर्न परीक्षा व्यवस्थापन कार्यालय बाध्य हुने छैन।
५) परीक्षा फारम पठाउदा परीक्षा फारम बमोजिमको विषय अनुसार छुट्टा छुट्टै वर्णानुक्रम अनुसार विद्यार्थी विवरण र निजहरुले परीक्षा दिने विषयमा स्पष्ट हुने गरी छुट्टै विवरण ई-कपी समेत संलग्न गरी पठाउनु पर्ने छ।
६) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा वा विगारेमा क्याम्पस प्रमुखको सिफारिसमा परीक्षा संचालन हुनुभन्दा कम्तिमा ३ दिन अघि प्रति विषय रु. ४००/- (-अक्षरुपी चारसंय मात्र) शुल्क तिरी परीक्षा व्यवस्थापन कार्यालय बाट आवश्यक संशोधन गर्न सकिने छ।
७) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन।

२०७८-०२-३१
डॉ. आनन्द प्रसाद सुवेदी
परीक्षा व्यवस्थापन प्रमुख

Scanned with CamScanner